Government of Nepal
Ministry of Education
Department of Education

प्रत्येक विद्यालय सुरक्षित विद्यालय !! सुरक्षित विद्यालय, सुरक्षित भविष्य, सुरक्षित मुलुक !!!

# प्रधानाध्यापकका लागि विपद् जोखिम न्यूनीकरणसम्बन्धी तालिम

Funded by
European Union
Humanitarian Aid
and Civil Protection

## परिचय

शिक्षा मन्त्रालय र बालबालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण समूह (Child-Centered Disaster Risk Reduction Consortium: CC-DRR) को सहकार्यमा बृहत्तर विद्यालय सुरक्षा ढाँचा कार्यान्वयन गर्न सुरक्षित विद्यालय साझेदारी कार्यक्रम संचालन हुँदै आएको छ। यसले सुरक्षित विद्यालयका निम्ति तीन स्तम्भहरूको समान महत्वमा जोड दिएको छ। १) सुरक्षित सिकाइ सुविधाहरू २) विद्यालय विपद् व्यवस्थापन ३) जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा।

भूकम्पजस्ता प्राकृतिक प्रकोप र अन्य जोखिम न्यूनीकरण गर्न र त्यसको असरबाट बालबालिका तथा विद्यालयमा सकेसम्म कम हानी नोक्सानी हुने अवस्था निर्माण गर्न व्यवस्थापकीय भूमिका प्रधानाध्यापकको हुने भएकोले नेपाल सरकारले सम्पूर्ण विद्यालयका प्रधानाध्यापकका लागि क्षमता विकास तालिम अन्तर्गत सुरक्षित विद्यालय सम्बन्धी थप १ दिने तालिमको व्यवस्था हुँदै आएको छ। तालिमले विपद् जोखिम न्यूनीकरणका लागि प्रधानाध्यापक र स्रोत व्यक्तिको भूमिका तथा जिम्मेवारी, विपद्को समयमा गर्नुपर्ने प्रतिकिया तथा तत्परताका लागि आवश्यक ढाँचाहरू साथै विद्यालय सुधार योजना र वार्षिक योजनाबिचको तादम्यता आदि विषयलाई समेटेको छ। यसको सन्दर्भ सामग्रीको रूपमा प्रधानाध्यापक र स्रोत व्यक्तिका लागि स्रोत पुस्तिकाको निर्माण पनि गरिएको छ।

## विपद् जोखिम न्यूनीकरणसम्बन्धी प्रधानाध्यापकका लागि प्रशिक्षक प्रशिक्षण तालिम :

शैक्षिक तालिम केन्द्रका वरिष्ठ प्रशिक्षक, प्रशिक्षक र स्रोत व्यक्तिहरूलाई लक्षित गरी एक दिने विपद् जोखिम न्यूनीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिएको थियो।

## विपद् जोखिम न्यूनीकरण सम्बन्धी शैक्षिक तालिम केन्द्रमा प्रधानाध्यापक तालिम :

राष्ट्रियस्तरको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त प्रशिक्षकहरूबाट शैक्षिक तालिम केन्द्रमा प्रधानाध्यापकलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धी प्राविधिक ज्ञान तथा दक्षता अभिवद्द्धि गर्नका लागि नियमित व्यवस्थापन तालिमका अतिरिक्त थप एक दिने तालिम शैक्षिक तालिम केन्द्रमा सञ्चालन गर्ने व्यवस्था भएको थियो।

## हाम्रो अपेक्षा

तालिम पश्चात् प्रधानाध्यापकले विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षाबारे विद्यालयमा विभिन्न कियाकलापहरू सञ्चालन गर्ने, विद्यालय सुधार योजना र वार्षिक योजनाबिच तादम्यता मिलाउने, विद्यालयमा शिक्षकले नियमित ड्रिल अभ्यासहरू सञ्चालन गरे नगरेको सुनिश्चित गर्ने साथै विद्यालय सुधार योजनामा भएका कियाकलापहरूको बारेमा गाउँ विकास समिति तथा समुदायलाई जानकारी गराउने र समन्वय गर्नु हुनेछ भन्ने हाम्रो अपेक्षा रहेको छ।

"यूरोपियन यूनियनको आर्थिक सहयोगमा सञ्चालित मानवीय सहयोग गतिविधिहरुको बारेमा यस प्रकाशनमा उल्लेख गरिएको छ। यूरोपियन यूनियनका आधिकारीक धारणाको रुपमा कुनै पनि किसिमले यहाँ व्यक्त विचारहरुलाई लिइने छैन साथै त्यसबाट निर्मित कुनै पनि सूचना तथा जानकारीको प्रयोगमा यूरोपियन कमिसन जिम्मेवार हुने छैन।"

PLAN INTERNATIONAL · Save the Children · unicef · UN HABITAT FOR A BETTER URBAN FUTURE · World Vision · NCE NEPAL